Vol. 9, No. 2, 2023 (December) 62–66
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# राइटरबाजे कथामा दृष्टिविन्दु

**निर्मला ढकाल १/खगेश्वर भट्टराई २**
विद्यावारिधि शोधकार्यरत/भोजपुर बहुमुखी क्याम्पस भोजपुर

Email: nirmaladhakal165@gmail.com

## लेखसार

प्रस्तुत लेखमा राइटरबाजे कथाको दृष्टिविन्दुको अध्ययन भएको छ । व्यक्तिमन, प्रेम नियति र सामाजिक संरचनाले सृजना गरेको मानसिक अवस्थालाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस कथामा कुन माध्यम र कसरी दृष्टिविन्दुको प्रयोग भएको छ भनेर खोजी गर्ने प्रयोजनमा यो अध्ययन केन्द्रित रहेको छ । यसका लागि कथाका मुख्य तत्वहरूमध्ये दृष्टिविन्दुलाई सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनलाई गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषणात्मक विधि अवलम्बन गरी निष्कर्षमा पुर्‍याइएको छ । यस अध्ययनमा कथामा प्रस्तुत भएका घटना र घटनामा चित्रण भएर आएका उद्धरणका आधारमा कथाको दृष्टिविन्दुलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । मूलतः यस कथामा प्रथमपुरूष दृष्टिबिन्दुको प्रयोग भएको छ । कथामा आएका घटनाक्रमहरूलाई विन्यास गरी कथा रचना गरिएकाले कथाको अभिवृत्ति केन्द्रीय दृष्टिविन्दुमा संरचित छ । कथाभरि नै मुख्य पात्रका रूपमा भोटिनी आएकी छे र भोटिनीकै माध्यमबाट सम्पूर्ण कथाको वर्णन गरिएको छ । प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दुको प्रयोग कथामा भएको यस कथामा समाख्याताको रूपमा आएकी भोटिनी अर्थात् म पात्रका मानसिक संवेगका विभिन्न माध्यमबाट कथागत अभिवृत्तिलाई निरन्तर गतिशील तुल्याइएको छ । भोटिनीका जीवनका बाह्यान्तरिक उतारचढाबलाई समाख्याताको रूपमा आएको म पात्रको केन्द्रीयतामा रचना गरिएको प्रस्तुत कथा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दुका माध्यमबाट कथाको संरचनाले पूर्णता पाएको विषयमा विमर्श भएको छ ।

**शब्दकुञ्जी:**
समाख्याता, समाख्यानात्मक, सम्बोधक, अभिवृत्ति, विचार

**Article information**
Manuscript received: June 3, 2023; Accepted: October 15, 2023
DOI https://doi.org/10.3126/jki.v9i2.55329
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख "राइटरबाजे" कथामा दृष्टिविन्दुको अध्ययन मूल समस्यामा केन्द्रित रहेको छ । प्रस्तुत कथा राणाकालीन सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक परिवेशमा केन्द्रित कथ्यविषयसँग सम्बन्धित रहे पनि यसको प्रकाशन २०३९ सालमा श्वेतभैरवी कथासङ्ग्रहमा सङ्गृहीत संस्करणमा भएको हो । यस कथाका रचयित विश्वेश्वरप्रसाद कोइराला (१९७२–२०३९) हुन् । कथाकार व्यक्तित्व र स्रष्टाका रूपमा विश्वेश्वरप्रसाद कोइराला सम्बत् १९९२ सालको शारदा साहित्यिक पत्रिकामा "चन्द्रवदन" शीर्षकको कथा प्रकाशित गरेर साहित्यमा प्रवेश गरेका हुन् । नेपाली साहित्यमा विद्यमान आदर्श, नीति र यथार्थको अभिव्यक्ति भइरहेको सन्दर्भमा फ्रायडवादी मनोविज्ञान दर्शनलाई सिर्जनामा प्रयोग र प्रतिष्ठापन गर्न यिनको महत्त्वपूर्ण भूमिका छ । कथाकार कोइरालाका दोषीचश्मा (२००५) र श्वैतभैरवी (२०३९) कथासङ्ग्रहका कथामा मानव मनको यथार्थ पक्षलाई इद, इगो र सुपर इगोसँग सम्बन्धित मनोरचनाको कलात्मक प्रस्तुति पाइन्छ । कोइरालाका कथामा मानव मनका चेतन, अवचेतन र अचेतन तहका मानसिक संरचनाका साथै मानव मनका विभिन्न प्रकारका अभिवृत्तिलाई आख्यानीकरण गर्ने विशेषता मुख्य प्रवृत्तिगत प्राप्ति हुन् । कोइरालाका कथाले विशेषत कामवृत्तिका कारण सृजित मानवीय मनका विभिन्न तहको विवेचना गरी तिनको समाजसँगको अन्तर्सम्बन्धलाई प्रस्तुत गरेका छन् ।

प्रस्तुत राइटरबाजे कथा कथामा चरित्रको मानसिक संसार र त्यसको समाजसँगको अन्तर्सम्बन्धलाई प्रस्तुत गर्ने कथा हो । प्रस्तुत कथामा अनमेल सांस्कृतिक विशेषता भएका दुई चरित्र मध्ये भोटेनी पात्रका

माध्यमबाट कथागत घटना, परिवेश र वस्तुविधान नियन्त्रण र निर्देशित दृष्टिकोणका आधारमा तयार भएको छ । चरित्रप्रधान कथाका रूपमा मान्छेको मानसिक संरचना र त्यसका विविध पक्षलाई प्रस्तुत गर्ने यस कथामा सांस्कृतिक अन्तर्मिश्रणबाट निर्माण भएको विश्वास तथा त्यसलाई आत्मसात् गर्नका लागि भोटेनीले गरेका सङ्घर्षको प्रस्तुति भएको छ । नेपालको सामाजिक र सांस्कृतिक एकात्मकताको परिवेशमा मनोविज्ञान, सांस्कृतिक विलयन र अस्तित्ववादी चेतनालाई नयाँ मूल्य र मान्यतामा प्रविष्ट गराइ) आधुनिक चेतनाद्वारा परम्परालाई आलोकित गर्ने प्रस्तुत कथा फ्रायडवादी सिद्धान्तबाट प्रेरित छ । प्रस्तुत कथाले मनको अन्तर्यथार्थको खोजी गर्ने क्रममा अचेतनको तहसम्मपुगी पात्रको चेतन मन र अचेतन मनको अन्तर्सम्बन्ध देखाएको छ । यौनको मर्यादित सीमाभित्र रही मान्छेको वास्तविक अनुहारलाई स्पष्ट रूपमा देखाउन सक्ने क्षमता राख्ने प्रस्तुत कथामा संरचनागत लघु आकारभित्रै पनि पात्रको मनोदशालाई तीव्र बनाउने कलाको प्रयोग भएको छ । कथाले यौन प्रतीक, बिम्ब, सम्प्रेषणीय भाषिक अभिव्यक्तिद्वारा सुन्दर रूपविन्यास प्राप्त गरेको छ । पात्रको केन्द्रीय अभिवृत्तिका रूपमा मनोदशा, सांस्कृतिक मिश्रणका कारण पात्रले सामना गर्नुपर्ने प्रतिकूलता र जिजीविषका लागि गर्नुपर्ने सङ्घर्षको अभिव्यक्ति भएको प्रस्तुत कथा दृष्टिविन्दुका दृष्टिले अध्ययनीय सामग्री हो ।

आख्यानसिद्धान्तले यसका संरचक घटक तथा प्रस्तुतीकरणका लागि विभिन्न अङ्गको सन्तुलित विधान र तिनीहरूबीचको पारस्परिक अन्वय हुनुपर्ने विधान निर्धारण गरेको छ भने त्यसमध्येको एक दृष्टिविन्दु हो । कथाका प्रमुख तत्त्वहरूमध्ये दृष्टिविन्दु एउटा तत्त्वका रूपमा रहेको छ । यस कथामा एकजना भोटिनी र राइटरबाजेको प्रेम र पारिवारिक सम्बन्धलाई देखाइएको छ । यस कथामा मूलत प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । प्रथमपुरूष दृष्टिविन्दु कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई वा म/हामी पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यस्तो दृष्टिविन्दु आन्तरिक प्रथमपुरूष दृष्टिविन्दुअन्तर्गतको केन्द्रीय दृष्टिविन्दुका रूपमा आएको हुन्छ । यस दृष्टिविन्दुको केन्द्रमा स्रष्टा स्वयम् उपस्थित रहेको हुन्छ अथवा आफूले चयन गरेको कथयिता पात्रलाई आफ्ना विचारको प्रस्तुतिका लागि निर्देशित गरिरहेको हुन्छ । विशेष गरी समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गर्ने क्रममा यस दृष्टिविन्दुको प्रयोग बढी मात्रामा भएको हुन्छ । आन्तरिक दृष्टिविन्दुअन्तर्गतको दोस्रो दृष्टिविन्दु परिधीय दृष्टिविन्दु हो जसमा सम्बोधक समाख्याताले आफ्ना विचार वा अभिवृत्तिलाई म वा हामी पात्रकै केन्द्रीयतामा प्रस्तुत गरे पनि कथाकारको भूमिका भने प्रत्यक्ष नरही गौण रहेको हुन्छ । यस दृष्टिविन्दुमा संरचित कथामा कथाकार सबै प्रकारका घटना र कार्यव्यापारको प्रत्यक्ष साक्षी रहेको त हुन्छ तथापि लेखकीय विचारको प्रस्तुतिमा पात्रलाई स्वतन्त्रता प्रदान गरिएको हुन्छ । प्रथमपुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरी रचना गरिएको प्रस्तुत कथा दृष्टिविन्दुका दृष्टिले अध्ययनीय रहेको छ ।

प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाको ‘‘राइटरबाजे’’ कथामा दृष्टिविन्दुको अध्ययन मूलसमस्यामा केन्द्रित रहेको छ । कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूलाई लिएर विभिन्न खाले अध्ययन भएका छन् । तर पनि दृष्टिविन्दुलाई मूल विषय बनाएर अथवा भनौं दृष्टिविन्दुको सैद्धान्तिक मान्यताका केन्द्रीयतामा अध्ययन भएको पाइँदैन । यसर्थ दृष्टिविन्दुलाई आधार मानी अध्ययन नभएको कुरालाई ध्यानमा राखी अध्यन गर्न खोजिएको छ । यस मूलसमस्यासँग सम्बन्धित भएर आउने राइटरबाजे कथामा प्रथमपुरूष दृष्टिविन्दु यस लेखको केन्द्रीय र समाधेय समस्या हो । प्रस्तुत लेखको मूल उदेश्य विश्वेश्वरप्रसाद कोइरालाको राइटरबाजे कथनमा निहित दृष्टिविन्दुको खोजी तथा विवेचना गर्नु रहेको छ । विश्लेषणका लागि चयन गरिएका कथाभित्रका उद्धरणहरूले कथामा प्रयोग भएका दृष्टिविन्दु र त्यसको प्रस्तुतीकरण गर्ने आधारको प्रतिनिधित्व गरेका छन् । सम्पूर्ण कथालाई सर्सर्ती अध्ययन गर्दा यस कथाका घटनाक्रमलाई म पात्रका माध्यमबाट सम्प्रेषण गरिएको हुनाले कथाभरि नै प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । कथामा समावेश भएको दृष्टिविन्दुको अध्ययन गर्नु र कथामा विद्यमान दृष्टिविन्दुलाई प्रकाशमा ल्याउनुले यस अध्ययनको महत्त्वलाई पुष्टि छ । यो लेख आख्यान सिद्धान्तअन्तर्गत कथामा दृष्टिविन्दुको सिद्धान्तका आधारमा कथाको अध्ययन र विश्लेषण गर्न अध्येताका लागि पूरक सामग्री हुने भएकाले यसको प्राज्ञिक औचित्यको पुष्टि हुन्छ । कथाको विधासिद्धान्त अन्तर्गत दृष्टिविन्दु र यसको सैद्धान्तिक मान्यतामा केन्द्रित भई विश्लेषण गरिने यस लेखमा दृष्टिविन्दु सिद्धान्तगत सीमाङ्कन हो । विश्लेषणका लागि चयन भएको राइटरबाजे कथा यसको विषय र शोधक्षेत्रगत सीमाङ्कन हो ।

## अध्ययनविधि

प्रस्तुत लेखको समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीको रूपमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित ‘‘राइटरबाजे’’ कथा रहेको छ । द्वितीयक सामग्रीको रूपमा सैद्धान्तिक पर्याधार निर्माणका लागि उपयोग हुने अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन् । सामग्री विश्लेषणका लागि मूलतः गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । प्रस्तुत लेखमा समस्याको समाधानका लागि विधासिद्धान्तअन्तर्गत आख्यानमा दृष्टिविन्दुको उपादेयता र यसका मानकलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ । स्थापित सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि कृतिकेन्द्री अध्ययनपद्धतिको उपयोग गरिएको छ । यस अध्ययनलाई निष्कर्षमा पुर्‍याउनका लागि विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

दृष्टिविन्दु कथाका प्रमुख संरचक घटक/तत्त्व मध्ये एक हो । आख्यानात्मक संरचनामा लेखकीय विचार वा दृष्टिकोण लेखकले पाठक वा श्रोतालाई प्रत्यक्ष सम्बोधन नगरी कुनै माध्यम जस्तै कुनै वस्तु वा विषय, पात्र वा चरित्र अथवा परिवेशका माध्यमबाट प्रस्तुत गरेको हुन्छ । अङ्ग्रेजीमा point of view का रूपमा परिभाषित रहेको दृष्टिविन्दु कथा संरचनाको त्यस्तो अपरिहार्य तत्त्व हो जसले लेखक/वक्ता/सम्बोधकले अगाडि सारेका अवधारणालाई सम्बोधित अर्थात् पाठक/श्रोता/भावक समक्ष पुर्‍याउनका लागि प्रयोग गर्ने माध्यमका रूपमा रहने सम्पर्कसूत्र अझ भनौं सम्बन्ध सेतुका रूपमा रहेको हुन्छ । कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिविन्दु हो । यसबाट नै आख्यानको उपस्थापनापद्धति र कथनभूमि निर्दिष्ट हुन्छ (शर्मा, २०५५, पृ.४१४) । दृष्टिविन्दुले स्रष्टाको सृजनालाई पाठकसँग जोड्ने आधार तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ ।

कथा कसको हो ? कथाका वर्ण्य विषयमाथि कसले प्रकाश पारिरहेको छ ? कथालाई आख्यान सूत्रमा बाँध्नका लागि कथाकारले अवलम्बन गरेको पद्धति आदि दृष्टिविन्दुमा अन्तर्भूत रहेको हुन्छ । दृष्टिविन्दु त्यो स्थिति स्थान वा सीमा हो जसको माध्ययमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष पुर्‍याउँछ । कथाकार र पाठक वर्गबीचको सन्दर्भ सूत्र नै दृष्टिविन्दु हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामाग्रीलाई कथाको आकारमा मूर्तिमान गर्दछ । कथामा त्यो कति महत्वपूर्ण छ भने यो विना कथामा प्रयुक्त कार्यपीठिका, चरित्रचित्रण, भावपरिमण्डल आदिमा सजीवता आउनसक्दैन (श्रेष्ठ, २०६८, पृ. ११) । साहित्यको एक सशक्त विधा रहेको आख्यानको उपविधा कथाको संरचनामा दृष्टिविन्दुको अहम् भूमिका रहेको छ । कथाकारले आफ्नो लेखकीय अभिवृत्ति अर्थात् विचारलाई पाठकसमक्ष पुर्‍याउनका लागि चयन गरेको मार्ग वा पद्धति नै दृष्टिविन्दुका रूपमा मुखरित भएको हुन्छ । लेखकीय दृष्टिकोणलाई पाठकसमक्ष पुर्‍याउने माध्यम भएको र लेखकीय अभिवृत्तिलाई पाठकसँग जोड्ने विषयसँग सम्बन्धित भएकाले दृष्टिविन्दुलाई लेखक र पाठकका बीचको सम्बन्धसूत्र मानिएको हो । मूलभूत रूपमा लेखकीय विचार सम्प्रेषणको माध्यम भएकाले दृष्टिविन्दुलाई दृष्टिकोण वा दृष्टिकेन्द्र जस्ता शब्दले परिभाषित गर्ने प्रचलन रहे पनि नेपाली साहित्यका सन्दर्भमा दृष्टिविन्दु शब्द नै स्थापित रहेको छ ।

कथामा दृष्टिविन्दुको भूमिका कसरी र कुन रूपमा वाञ्छित रहेको हुन्छ भन्ने पक्षमा शब्द प्रयोगका दृटिले भिन्न रहे पनि यसको उद्देश्य र

प्रयोजनका विषयमा विधासिद्धान्तकारहरूको भिन्न मत रहेको पाइन्न । कथा विधाको सृजना तथा कथाकार र पाठकबीचको रिक्ततालाई भर्ने निर्विकल्प माध्यम अझ भनौं लेखक/पाठक सम्बन्ध स्थापित गर्ने कथाको प्रमुख माध्यम नै दृष्टिविन्दु रहेको छ । कथावाचकले कथा सुनाउनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ विशेषलाई दृष्टिकोण वा दृष्टिविन्दु भनिन्छ (नेपाल, सन् २००५, पृ. ९८ ) । दृष्टिविन्दुले कथाकारले दिन खोजेको सन्देश वा आफ्नो वैचारिक अभिवृत्तिलाई कुन स्थानमा, कुन भूमिकामा कसरी उपस्थित भई कुन प्रक्रियाबाट प्रस्तुत गर्ने भन्ने पक्षको समष्टि उत्तर नै दृष्टिविन्दुका रूपमा व्याख्येय रहेको हुन्छ । कथाकारले आफ्नो सामग्रीलाई व्यक्त गर्दा मूलभुत माध्यमका रूपमा अवलम्बन गर्ने कल्पना शिल्पविधानसम्बद्ध महत्त्वपूर्ण विधिलाई दृष्टिकोण, दृष्टिकेन्द्र अथवा दृष्टिविन्दु भनिन्छ (शर्मा, २०६७, पृ. ६९) । दृष्टिविन्दु प्रस्तुतीकरणको एउटा माध्यम हो जसले कथाकारको विचारलाई सोद्देश्यमूलक रूपमा पाठकसमक्ष राख्दछ । कथाका तत्त्वहरूमध्ये सम्बोधकले कसरी आफ्ना विचारलाई सम्बोधितसम्म पुर्‍याउन चाहेको छ भन्ने विषयको प्रतिनिधित्व दृष्टिविन्दुले गरेको हुन्छ ।

दृष्टिविन्दु भनेको त्यो अवस्था वा हरेक कुराको दृष्य लिन सकिने त्यो विन्दु हो जहाँबाट कथाका घटनाहरू पाठक समक्ष पुर्‍याउनका लागि समाख्याताले निरीक्षण गर्नेगर्छ । दृष्टिविन्दुलाई अङ्ग्रेजीमा पर्सपेक्टिभ तथा फोकलाईजेसन पनि भनिन्छ (बराल, २०६९, पृ ७२) । दुष्टिविन्दु कथाकारले कथा लेख्नुअघि कथालाई कसरी प्रस्तुत गर्ने भन्ने विषयमा निर्माण गर्ने अवधारणासँग सम्बन्धित रहेको छ । कथाकारले सृजन प्रक्रियाका पुर्वार्धमा निर्माण गर्ने धारणासम्बद्ध घटनाको निर्माण गरेपछि ती घटनालाई कुन परिवेश र कस्ता पात्रका आधारमा ती धारणले समूर्तन प्राप्त गर्दछ भन्ने कथाकारको दृष्टिकोण, दृष्टिकोणलाई गतिशीलता दिने पात्र तथा ती पात्रका क्रियाकलापका माध्यमबाट कसरी आफ्ना धारणा वा विचार श्रोता वा पाठकसमक्ष प्रस्तुत गर्ने भन्ने प्रमुख तीन घटकको अन्वितिको संयोजनबाट निर्माण हुने लेखकीय अभिवृत्ति नै दृष्टिविन्दु हो ।

दृष्टिविन्दु दुईप्रकारका हुने विषयमा विधासिद्धान्तकारहरूबीच मतैक्यता रहेको छ । पूर्वीय तथा पाश्चात्य साहित्यका मनीषीहरूले दृष्टिविन्दुलाई आन्तरिक र बाह्य गरी दुईप्रकारमा विभाजन गरेका छन् । दृष्टिविन्दू मूलभूत रूपमा कथाकारले चयन गरेको माध्यमसँग सम्बन्धित तत्त्व भएकाले आफ्ना विचारलाई आफ्नै उपस्थितिमा सोझै भन्ने वा कसैका माध्यमबाट प्रस्तुत गर्ने भन्ने विषय स्रष्टामा निर्भर रहने भन्ने विषय भएकाले कथाकारले स्वयम् उपस्थित भई वा कथयिताका रूपमा आफैंलाई प्रस्तुत गरी विचार सम्प्रेषण गरेको छ भने त्यस्तो सम्बोधकको उपस्थिति आन्तरिक दृष्टिविन्दुका माध्यमबाट मुखरित भएको हुन्छ ।आन्तरिक दृष्टिविन्दु मूलतः दुईप्रकार केन्द्रीय र परिधीयमा विभाजित रहेका छन् ।

दृष्टिविन्दु पात्र कथामा प्रथम पुरूषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ यसअन्तर्गत केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाकार वा अरू कुनै पात्र म का रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुमा कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ । परिधीय दृष्टिविन्दुमा चाँहि म पात्र त रहन्छ तर कथामा त्यसको स्थान कित गौण रहन्छ कि तटस्थ । त्यस्तो दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ (श्रेष्ठ, २०६८, ११–१२) ।

कथाकार स्वयम् समाख्याताका रूपमा उपस्थित भई वा कुनै म पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यस्तो दृष्टिविन्दु आन्तरिक प्रथमपुरूष दृष्टिविन्दुअन्तर्गतको केन्द्रीय दृष्टिविन्दुका रूपमा आएको हुन्छ । यस दृष्टिविन्दुको केन्द्रमा स्रष्टा स्वयम् उपस्थित रहेको हुन्छ अथवा आफूले चयन गरेको कथयिता पात्रलाई आफ्ना विचारको प्रस्तुतिका लागि निर्देशित गरिरहेको हुन्छ । विशेष गरी समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गर्ने क्रममा यस दृष्टिविन्दुको प्रयोग बढी मात्रामा भएको हुन्छ ।

आन्तरिक दृष्टिविन्दुअन्तर्गतको दोस्रो दृष्टिविन्दु परिधीय दृष्टिविन्दु हो जसमा सम्बोधक समाख्याताले आफ्ना विचार वा अभिवृत्तिलाई म वा हामी पात्रकै केन्द्रीयतामा प्रस्तुत गरे पनि कथाकारको भूमिका भने प्रत्यक्ष नरही गौण रहेको हुन्छ । यस दृष्टिविन्दुमा संरचित कथामा कथाकार सबै प्रकारका घटना र कार्यव्यापारको प्रत्यक्ष साक्षी रहेको त हुन्छ तथापि लेखकीय विचारको प्रस्तुतिमा पात्रलाई स्वतन्त्रता प्रदान गरिएको हुन्छ । प्रथमपुरुष परिधीय दृष्टिविन्दु लेखकीय अभिवृत्तिको पुष्टिका लागि केन्द्रीय दृष्टिविन्दुका तुलनामा अपेक्षाकृत स्वतन्त्र र स्वायत्त रहेको हुन्छ । बाह्य अर्थात् तृतीयपुरूष दृष्टिविन्दुका सर्वदर्शी र सीमित दुईप्रकार रहेका छन् । सर्वदर्शी वा सर्वज्ञ दृष्टिविन्दु भन्नाले समाख्याताले सर्वज्ञझैं पात्र र घटनाबारे यावत् चाहिँदा कुरा जानेको हुन्छ । ऊ सवैच्छाले कुनै पनि समय र कुनै पनि ठाउँमा विचरण गर्नसक्छ, एउटा पात्रलाई छाडी सजिलै अर्को पात्रतर्फ उन्मुख हुनसक्छ र चरित्रको कार्यव्यापार एवम् भनाइबारे केही बताउन वा केही लुकाउन पनि सक्छ । उसलाई पात्रको विचार, अनुभव र उद्देश्यको मूल्याङ्कन गर्ने विशेषाधिकार पनि हुन्छ (शर्मा, २०५५, पृ ४१४) ।

बाह्य अर्थात् तृतीयपुरूष दृष्टिविन्दुअन्तर्गत आउने सर्वदर्शी वा सर्वज्ञ दृष्टिविन्दुमा लेखकीय हस्तक्षेप रहने कुरा सिद्ध रहेको छ । आफ्नो लेखकयि अभिवृत्तिलाई प्रस्तुत गर्ने सन्दर्भमा कथाकारले कथाका सहभागीलाई आफ्नो अभीष्ठअनुसार प्रयोग गरी केन्द्रीय विचारको प्रस्तुतिका लागि पात्रलाई अधिसारेको हुन्छ । सीमित दृष्टिविन्दु भन्नाले समाख्याताले कथामा भएका सबै वा सबैजसो चरित्रहरूको बयान गर्दैन बरू यसका विपरीत प्रमुख वा सहायकमध्ये कुनै एउटा चरित्रको पछि लागेर उसकै कथा भन्छ । यसैले यसलाई सीमित समाख्याता वा सीमित दृष्टिविन्दु भनिएको हो । (बराल, २०६९, पृ ७६) । कथाकारले कथाका माध्यमबाट प्रस्तुत गर्न चाहेको अभिवृत्तिका लागि चयन गरेको निश्चित पात्र र त्यसमा माध्यमबाट प्रेषित सन्देश कुन पात्रमार्फत् प्रस्तुत भएको छ भन्ने विषयलाई निर्धारण गर्ने दृष्टिविन्दु सिमित दृष्टिविन्दुका रूपमा आएको हुन्छ । आख्यानको सौन्दर्यशास्त्रीय परम्परामा द्वितीयपुरूष र तृतीयपुरूष दृष्टिविन्दुअन्तर्गत बाह्य वा वस्तुपरक दृष्टिविन्दु रहने सौन्दर्यशास्त्रीहरूले चर्चा गरे पनि अपेक्षित रूपमा कथाका लागि प्रथमपुरूष दृष्टिविन्दुका केन्द्रीय र परिधीय तथा तृतीयपुरूष दृष्टिविन्दुका सर्वदर्शी र सीमित प्रारूप नै प्रचलनमा रहेका छन् । मूलभूत रूपमा दृष्टिविन्दु भनेको कथाकारले कथायोजना बनाएपछि कथालाई कुन माध्यमले, कुन परिवेशमा कसरी प्रस्तुत गर्ने भन्ने विषय नै दृष्टिविन्दु हो । प्रस्तुत राइटरबाजे कथा कथासिद्धान्तअन्तर्गत सबै तत्त्वका आधारमा समग्र र एकल आधारमा अध्ययन र विश्लेषण गर्नसकिने रचना हो । यस कथाको प्रस्तुतकर्ता समाख्याताले भोटिनी पात्रका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरेको छ । प्रस्तुत कथाको विषय र त्यसको व्यवस्थापनसँग सम्बन्धित अङ्गको विन्यास भोटिनीका दृष्टिकोणबाट अभिव्यक्त भएको छ । प्रस्तुत कथामा दृष्टिविन्दुको प्रयोगका विषयमा तलका सन्दर्भमा विवेचना भएको छ ।

## सामग्री विश्लेषण : छलफल र प्राप्ति

सडकमा फालिएकी एक भोटिनी र राइटरबाजेको प्रेम सम्बन्ध तथा पारिवारिक सम्बन्धका बारेमा लेखिएको राइटरबाजे कथा एक मनोवैज्ञानिक कथा हो । प्रस्तुत कथाको रचना सन्दर्भगत अवस्थालाई नियाल्दा यस ले कथ्यमा समावेश गरेको परिवेश राणाकालीन एकात्मक सामाजिक र राजनीतिक अवधि हो । एकात्मक राज्यव्यवस्थाले उत्पादन गरेको ज्ञानलाई ग्रहण गर्ने यस कथाका पात्रको मनोसामाजिक संरचना कथाको रचनासन्दर्भगत परिवेशलाई पुष्टि गर्ने आधार हुन् । बहुसङ्ख्यक मान्छेले अङ्गीकार गर्ने संस्कृतिको दबाव र त्यसबाट प्रभावित भई विलयन रोज्ने भोटेनीको चरित्र एकातिर सांस्कृतिक सहिष्णुतालाई अङ्गीकार गर्ने नेपाली समाजको संरचना र यसका विकसित बन्दै गएको वातावरणको सूचक हो । कथाकी प्रमुख पात्र भोटिनीका मानसिक आवेग, संवेग, जीवनप्रतिको एकल निर्णय र त्यस चयनका लागि उसले अवलम्बन गरेका घटना यस कथामा दृष्टिविन्दु निर्माण गर्ने आधार हुन् । यस कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको विषयमा तलका सन्दर्भमा विश्लेषण भएको छ ।

## राइटरबाजे कथामा प्रथमपुरूष दृष्टिविन्दु

दृष्टिविन्दु कथाकारको अभिवृत्तिलाई कथाका माध्यमबाट पाठकलाई सन्देश दिने प्रयोजनका लागि कथाकारले चयन गरेको माध्यमका रूपमा रहेको छ । कथाकारले यही दृष्टिविन्दुको रूपमा आएको कथयिता पात्रको माध्यमबाट कथागत संरचनामा घटेका घटना र सहभागीको क्रियाकलापले मूर्तता प्राप्त गरेको हुन्छ । दृष्टिविन्दुले कथाकारको विचार र संवेगात्मक अभिवृत्तिले कथा संरचनामा केकस्ता सन्दर्भहरूको निर्माण गरेको छ तथा ती सन्दर्भहरूले कथाकारका मानसिक संवेगहरूले के कस्ता भावको अभिव्यञ्जना भएको छ भन्ने कथागत अभिवृत्तिलाई प्रस्तुत गरेको हुन्छ । कथाकार कोइरालाको प्रस्तुत "राइटरबाजे" कथामा कथाकी प्रमुख नारी पात्र म पात्र र कहींकहीं समाख्याता स्वयम्ले स्वीकारात्मक स्वकथन गरेकी भोटेनी पात्रको संवेगात्मक अभिवृत्ति कथाको आरम्भदेखि अन्त्यसम्म विस्तारित रहेको छ । मागेर जीवन गुजारा गर्ने चौध वर्षकी किशोरीका पात्रका रूपमा राइटरबाजेको घरमा भित्रिएकी समाख्याता अर्थात् म पात्रको संवेगात्मक अभिवृत्तिमा रहेकी भोटिनी अर्थात् म पात्रले आफ्नो जीवनका अन्तरसाक्ष्यमा आफूभन्दा ठूलो र आफ्नो जीवनलाई राइटरबाजेको जीवनका लागि समर्पण गरेकी म पात्रको संवेगात्मक स्थितिमा माध्यमबाट कथाले विस्तार पाएको छ ।

शरीरलाई प्राथमिकता दिने जनजाति समुदायकी सदस्य भोटेनीले आफ्नो जीवनलाई प्राथमिकतामा नराखी उसको जीवनलाई सामाजिक रूपमा न्यूछावर गर्ने राइटरबाजेलाई समर्पित गरेकी छ । प्रमुख पात्रको समानाख्यानात्मक कथनका रूपमा आएको निम्नलिखित सन्दर्भ कथामा प्रथमपुरुष दृष्टिविन्दुलाई पुष्टि गर्ने आधार हो । "मानवसमाजबाट यति टाढा पृथ्वीको एउटा कुनामा बसेर म आफ्नो शरीरलाई यसो निहाल्छु । अब यसमा,यसका रेशा रेशामा महारोगका कीटाणु स्याउँ स्याउँ गर्दै रङगमगिरहेका छन्।यो डुँडा खोरण्डो शरीर पटपट फुट्दैछ । कतिसम्म टलपल गरिरहेको पीप पापको घडा फुटेको जस्तै ठाउँ ठाउँबाट बगिरहेको छ । दृष्टि पनि क्षीण हुँदै आएको छ" (पृ. १७) ।

प्रस्तुत उद्धरणमा कथाकी समाख्याताले जीवन भोगाइको क्रममा आफ्ना जीवनमा देखापरेका उतारचढाव र त्यसले सिर्जना गरेका प्रतिकूलतासँगै जीवनको वास्तविकतासँग सम्बन्धित वर्तमान अवस्थाको चित्रण भएको छ । मान्छेले जीवन परिवर्तनशील छ भन्ने कुरालाई पुष्टि गर्ने यस साक्ष्यले एउटा सुन्दर शरीर परिवर्तन भएर महारोगले ग्रस्त भएर क्षीण बन्दै गएको डुँडो र खोरण्डो भई महारोगका किटाणु स्याउँ स्याउ रङमगिरहेको र ठाँउ ठाउँबाट पीप फुटेर बगिरहेको प्रसङ्गका माध्यमबाट जीवनको सीमिततालाई सूत्रात्मक रूपमा विवेचना गरेको छ । समाख्याताको जीवनको उत्तरार्द्ध पक्षको विवेचना गरी कथाको सुरूवात गरेको समाख्याताले सडकमा मागेर खाने भोटिनीलाई एकजना ब्राम्हण राइटरबाजले नोकरीका लागि शहर छिरेका र माग्दै गरेकी भोटिनीलाई दया गरेर घरमा आश्रय दिएको बिस्तारै घरको सम्पूर्ण जिम्मेवारी सुम्पिएर गृहस्थी जीवन निर्वाह र छोरीको जन्म भएको घटनाक्रमलाई पछाडि राखी समाख्याताको वर्तमान अवस्थाको चित्रण गरेको छ । कथाकी समाख्याता भोटिनीले कथाभरि राइटरबाजेको महानता र राइटरबाजेले उसको जीवनमा गरेको योगदानको व्याख्या गरेकी छ । समाख्याताले कथाको अभिवृत्तिका लागि तटस्थ पात्रका रूपमा उपस्थित भई सिङ्गो कथाभरि उसको जीवनका विभिन्न मोड उपमोडलाई प्रत्यक्ष प्रभावित तुल्याउने "राइटरबाजे" र उनले गरेका योगदालाई केन्द्रविन्दुमा राखी कथामा आएका घटनाक्रमहरू सम्बद्ध गरी कथा रचना गरिएकाले कथाको अभिवृत्ति प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दुको निरन्तरताका रूपमा आएको छ ।

प्रस्तुत कथाका सबै सन्दर्भको सम्बोधक रहेकी म पात्रले आफ्नो संवेगात्मक मानसिकताको तहलाई अन्य आकर्षण र आकाङ्क्षाबाट सम्पृक्त तुल्याई राइटरबाजेमा केन्द्रीकृत गरेकी छ । जनजाति दर्शनका सापेक्षमा शरीर र सुन्दरतालाई उपभोगवादी विचारधाराका आधारमा उपयोग गरी अधिकतम लाभ र विलासिता प्राप्त गर्न सकिने उसका दिदीहरूको विचारका व्यतिरेकामा उसले आफ्नो चित्तवृत्तिलाई राइटरबाजेमा समर्पण गरेकी छ । म पात्रका लागि उसको जीवन स्वयम् उसको आधीन नभई राइटरबाजेको आधीन रहेको छ किनभने राइटरबाजेका कारणले उसले जुन सामाजिक सम्मान र अस्तित्व प्राप्त गरेकी छ त्यो दरबारको सुखभोग गर्ने उसका दिदीहरूको जीवनशैलीभन्दा कयौं गुणा बढी वैभवशाली रहेको संवेगात्मक स्थितिलाई जोडेका छन् । नारीका लागि जीवनका प्रमुख तीन मोड प्रेमिका, पत्नीत्व र मातृत्व राइटरबाजेबाट प्राप्त गरेकी समाख्याताले जीवनको वैभव नारी जीवनका उपर्युक्त तीन मोडमा नै अन्तर्भूत रहेको निष्कर्षमा पुगेपछि आफ्ना दिदीहरूले बाँचेको वैभवशाली जीवनमा स्वयम्को भावी जीवनलाईजोडेर पूरा नहुने निर्णयमा पुगेको छ । समाख्याताको मानसिकतामा रहेको संवेगात्मक स्थितिले शारीरिक सुन्दरताका आडमा पाउने विलासितालाई परित्याग गरी आफूलाई समाजमा स्थापित गर्ने दीनहीन पुरूषको सेवामा समर्पित गरेकी छ । समाख्याताको यही संवेगात्मक अभिवृत्तिले कथानकलाई उत्कर्षतर्फ अभिमुख गराएको छ ।

"हाय मेरा पुरूष पनि मेरा वर मबाट वर्णित पनि त्यस्तो एउटा निर्धो व्यक्ति छ जसले, मैले आफ्नो उद्विग्नता र छटपटीलाई जसको अगाडि पोखेँ भने उत्तरमा आफ्ना ठूला ठूला विवश आँखा मतिर उठाउने मात्र छ।स्वयम्वरको दिनमा तमाम समस्याको मैले स्वयम् आफैंले समाधान गर्नुपरेको थियो।फेरि यो समस्या त नारीको मनको समस्या हो, पुरूषको तर्क यहाँ काम लाग्ने थिएन"(पृ. २०) ।

प्रस्तुत उद्धरणमा समाख्याताले आफू केन्द्रविन्दुमा रही कथामा आएका घटनाक्रमलाई वर्णन गरेको हुनाले यस साक्ष्यमा पनि प्रथमपुरूष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । यसमा एउटा सडक बालिकालाई आफ्नो घरमा लगेर जुन प्रकारको उद्धार राइटरबाजेले गरेका छन् त्यसको लेखाजोखा यस साक्ष्यमा गरिएको छ । काठमाडौंको गल्लीमा मागेर हिँड्ने भोटिनीलाई घरमा लगेर बिस्तारै घरको सम्पूर्ण जिम्मेवारी दिंदै श्रीमती र छोरीको आमा समेत बनेर एउटा गृहस्थ जीवन व्यतीत गरेको प्रसंगबाट राइटर बाजे पक्कै महान व्यक्तित्व हुन । उनले एउटा गरिबको उद्धार मात्रै गरेनन् असिमित माया र प्रेम दिएर असल र गार्हस्थ पुरूषको उदाहरण पेश गरे । राइटरबाजेले भोटिनीको हातमातलब र सांचोको झुप्पो दिई समाख्याताप्रति आफूभित्र रहेको यौनपिपाशाको परिपूर्तिका लागि नभई जीवनको सहयात्राका लागि घरमा भित्र्याएको अनुभूति मात्र दिलाएका छैनन् अपितु एउटी नारीको जीवनलाई पूर्णता प्रदान गर्ने बाटोतर्फ अग्रसर गराएका छन् । राइटरबाजेको यही कार्यबाट प्रभावित बनेकी समाख्याताले जीवनको उद्देश्य भोग, वासना, विलासिता मात्र नभई समाजमा अस्तित्वशाली रूपमा बाँच्नु पनि हो भन्ने संवेगात्मक स्थिति समाख्याताको मानसिकतामा विकसित गरेको छ । मान्छेले जिजीविषासँगै समाजमा स्थापित हुनका लागि सङ्घर्ष गर्ने र त्यो स्थापित अस्तित्वकै आडमा मान्छले जीवनप्रतिको दृष्टिकोण निर्माण गर्ने समाख्याताको आशयलाई पुष्टि गर्ने सन्दर्भमा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दु प्रेरक रूपमा आएको छ ।

कथाकी समाख्याता पूर्ण रूपमा राइटरबाजेप्रति समर्पित रहेकी छ । उसको समर्पणको अभिवृत्ति सांसारिकतामा बाहिर देखिने वा देखाइने मानवीय प्रवृत्तिका व्यतिरेकमा आएका छन् उसको सहानुभूति राइटरबाजेमा समर्पित हुनुपछाडिको एउटै मात्र कारण समाख्याताको जीवनको पूर्णता रहेको छ । आज राइटरबाजेकै कारणले आफ्नो जीवन पूर्ण भएको अनुभव गरेको समाख्याताको संवेगले आफ्नो मूल्यहीन जीवनको अपेक्षा रोगग्रस्त राइटरबाजेको जीवनलाई महत्त्व दिनुका पछाडि राइटरबाजेसँग जोडिएको उसको यौनजीवन नभई वर्तमानमा उसले पाएको अस्तित्वशाली जीवन हो तथा त्यही जीवनमा बाँच्नुको सार रहेको छ। ''हे ! भगवान किन तिमीले सुखदुःखलाई अनुभव गर्न सक्ने क्षमता भएको चेतन प्राणीलाई कर्तव्याकर्तव्यको विवेचना शक्ति दिएनौ''(पृ. २३) । समाजले मान्छेको जीवनपद्धति निर्धारणका लागि विभिन्न मानकको सृजना गरेको छ, ती मानकको उपभोग गरी मान्छेले अनुभव गर्ने सुखदुःखजस्ता भावगत साक्ष्यलाई जीवन बाँच्ने आधारका रूपमा लिएका छन् । मान्छेको परिभाषामा सुख भोगमा छ तथापि समाख्याताले आफ्नो अस्तित्व र सामाजिक पुनस्थापनालाई सुखको कारक मानेकी छ भने उसको सुखको कारक र प्रेरकका रूपमा राइटरबाजेले भूमिका खेलेका छन् ।

प्रस्तुत कथाको समाख्याताको संवेगले राइटरबाजेको रूग्ण र रोगी

शरीरका स्थानमा आज बन्नसक्ने उसको वैभवशाली जीवनका तुलनामा राइटरबाजेको जीवनका लागि वेश्यावृत्तिको मार्ग अवलम्बन गर्न प्रेरित गरेको छ । समाख्याताले राइटरबाजेको जीवनरक्षाका लागि गरेका प्रयत्न असफल रहे पनि उसले राइटरबाजेका लागि गर्नसकेको योगदान नै उसका लागि प्रेरक रहेको तथ्यलाई समाख्याताका माध्यमबाट प्रस्तुत गरिएको छ ।

"जुन दिन राइटरबाजेको मृत्यु भयो, म विधाताको कठोर निर्ममता देखेर स्तब्ध भएँ । मेरो केही चलेन । त्यो सुन्ने घरमा म संज्ञाहीन जस्ती भएर यताउति हल्लिरहेँ । रूग्ण कण्ठबाट निस्कने गरेको अशक्त खोकीको आवाज हठात् थामिंदा महान शून्यता,एउटा ठूलो रिक्तताको त्यो घरमा व्याप्त थियो।मैले देब्रे हातको हत्केलाले निधारको सिन्दुर मेटें वैधव्यस्थितिमा प्रवेश गर्दा मलाई लाग्यो एउटा शून्यमा म प्रवेश गरिरहेकी छु'' (पृ. २६) ।

प्रस्तुत उद्धरण मानव जीवनको उत्तरार्द्ध अर्थात् वृद्धावस्थासँग सम्बन्धित रहेको छ । समाख्याताको संवेगका रूपमा आफ्नो प्रियपात्र गुमाई जीवन बाँच्नुको यथार्थसँग जोडिएको प्रस्तुत सन्दर्भले समाख्याताको जीवनप्रतिको दृष्टिकोण प्रस्तुत गरेको छ । आर्यदर्शनले निर्धारण गरेको जीवनपद्धति रहेका राइटरबाजेको जीवनपद्धतिलाई अङ्गीकार गरेकी समाख्याताले जीवनका फरक मोडमा आफूलाई पाउँदा अनुभव गरेको शून्यबोध अभिव्यक्त भएको छ । जीवनचक्रमा आउने विभिन्न मोडउपमोड मध्ये एउटा मोडका रूपमा नारीले अनुभव गर्ने वैधव्य जीवन र त्यस जीवनमा हुने रिक्तता र शून्यतामा आफूलाई पाएकी समाख्याताको संवेग राइटरबाजेमा नै केन्द्रित रहेको छ । जीवनका भिन्न चरणका भिन्न अनुभव गरेकी समाख्याताले आफ्नो जीवनको अन्तिम सत्यका रूपमा अनुभव गरेको मृत्युलाई आत्मसात गरिरहँदा पनि उसको मानसपटलमा चीरस्मृत बनेर रहेको राइटरबाजेको स्मरण र उनको सङ्गतबाट प्राप्त गरेको जीवनानुभूति नै प्रेरकका रूपमा रहन पुगेको छ । त्यही पुरानो बाटोमात्र छ भने त्यसैलाई रोज्छु र पुनः त्यो मार्गमा हिंड्दा अभिशापको रूपमा मैले भोग्नुपरेको कुष्ठको व्यथालाई दोस्रोचोटि पनि अंगीकार गरेर यस हिमलोकमा सेलाउन आउनेछु । अब धेरै समय छैन।दृष्टि मलिन हुँदै आयो । गण्डकीको ध्वनि कानमा क्षीणतर हुँदैछ (पृ. २७) । प्रस्तुत उद्धरणमा आफ्नो जीवनको अन्त्य निकट रहेको अनुभव गरेकी समाख्याताको संवेग द्विसांस्कृतिक अभिवृत्तितर्फ मोडिएको छ भने उक्त अभिवृत्तिको केन्द्रीय तहमा "राइटरबाजे" नै जोडिन पुगेको छ । आर्यहरूको अन्त्येष्ठी गरिने पवित्र जलाशय र मङ्गोलमध्येका भोटे जातिको अन्त्येष्ठी गरिने पहाडको अग्लो स्थान तथा पवित्र जलाशयमा अन्त्येष्ठी गर्दा स्वर्ग पुगिने हिन्दूविश्वास र हिमाललाई स्वर्ग मान्ने बौद्धविश्वासको सांस्कृतिक अन्तर्मिश्रण भएको प्रस्तुत सन्दर्भमा समाख्याताले राइटरबाजेलाई गुमाउन नचाहेको संवेगात्मक अभिवृत्ति प्रस्तुत भएको छ ।

## निष्कर्ष

कथाकार विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथाका आरम्भकर्ता मध्येका एक स्रष्टा रहेका छन् । मानव मनका विविध संरचना र कामवृत्तिलाई आधार मानी कथा लेख्ने कोइरालाको "राइटरबाजे" कथा मनोवैज्ञानिक यथार्थको पूर्वपीठिकामा अस्तित्ववादी जीवनचेतनालाई प्रस्तुत गरी लेखिएको कथा हो । सडकमा मागेर गुजारा गर्ने एउटी भोटिनी र राइटरबाजेबीच स्थापित भएको प्रेम तथा पारिवारिक सम्बन्धका बारेमा लेखिएको प्रस्तुत कथा सशक्त मनोवैज्ञानिक कथाका रूपमा रहेको छ । चरित्रप्रधान कथाका रूपमा संरचित यस कथामा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । कथाकारले समाख्ताको सिर्जना गरी कुनै दृष्टिविन्दु पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यस्तो दृष्टिविन्दु प्रथमपुरूष दृष्टिविन्दुअन्तर्गतको केन्द्रीय दृष्टिविन्दुका रूपमा आएको हुन्छ । यस दृष्टिविन्दुको केन्द्रमा स्रष्टा स्वयम् उपस्थित रहेको हुन्छ अथवा आफूले चयन गरेको कथयिता पात्रलाई आफ्ना विचारको प्रस्तुतिका लागि निर्देशित गरिरहेको हुन्छ । विशेष गरी समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गर्ने क्रममा यस दृष्टिविन्दुको प्रयोग बढी मात्रामा भएको हुन्छ । पात्रका मनोदशा र संवेगका अन्तरसाक्ष्यमा कथा लेख्ने कथाकार कोइरालाको प्रस्तुत कथनपद्धति र कथासूत्रलाई परस्परमा जोड्ने अभिवृत्तिका रूपमा समाख्याताको संवेगले अहम् भूमिका खेलेको छ । कथाको प्रमुख पात्रका रूपमा आएकी म पात्र अर्थात् भोटिनीको संवेगका विभिन्न स्थितिका माध्यमबाट कथा आरम्भदेखि अन्त्यसम्म विस्तारित रहेको छ । कथाकारले कथाको अभिवृत्तिका लागि म पात्रलाई समाख्याताका रूपमा राखी सिङ्गो कथाभरि उसका जीवनमा घटित घटनाहरू र राइटरबाजेसँगको सानिध्य र सम्बन्धका उतारचढावलाई चित्रण गरेका छन् । कथा रचनाका क्रममा कथाकारले म पात्रका माध्ययमबाट कथागत अभिवृत्तिलाई आरम्भदेखि अन्त्यसम्म डोहोर्‍याई समाख्याताकै संवेगका अन्तर्साक्ष्यमा कथालाई निष्कर्षमा पुर्‍याएका छन् । यस "राइटरबाजे" कथामा समाख्याता मुख्य रूपमा आएर कथाको अभिवृत्ति भएको छ र प्रथमपुरूष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, विश्वेश्वरप्रसाद (२०७६). श्वैतभैरवी, साझा प्रकाशन ।

नेपाल, घनश्याम. (सन् २००५). आख्यानका कुरा, एकता बुक्स पब्लिकेसन प्रा. लि.।

बराल, ऋषिराज. सम्पा. *(२०६३)*.नेपाली कथा भाग ३,साझा प्रकाशन ।

बराल, कृष्णहरि *(२०६९)*. कथासिद्धान्त,एकता बुक्स नेपाल प्रा. लि. ।

शर्मा, मोहनराज *(२०५५)*.समकालीन समालोचना सिद्धान्त र प्रयोग, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, हरिप्रसाद *(२०६७)*. कथाको सिद्धान्त र विवेचना, (दोस्रो संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम सम्पा (२०६८). नेपाली कथा भाग ४, साझा प्रकाशन ।